२०६८।०६।२७

# प्रेस विज्ञप्ती

नेपाल सरकारले २०६८ साल असोज २६ गतेको निर्णयबाट नेपाल टेलिकमका नायव प्रबन्ध निर्देशक अमरनाथ सिंहलाई नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा दुई वर्षका लागि नियुक्त गरेको छ ।

प्रबन्ध निर्देशक अमरनाथ सिंहले असोज २७ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक समारोहका बीच पदबहाली गर्नुभयो । सो अवसरमा उहांले नेपाल टेलिकमलाई अझ माथि उठाउनका लागि आफूले हरसंभव प्रयास गर्ने बताउनुभयो । उहांले कम्पनीलाई एक नम्बरको सेवा प्रदायकका रुपमा स्थापित गराइराख्ने कार्य आफ्नो प्रथम प्राथमिकता हुने बताउनु भयो । साथै उहांले ग्रामीण तहमा अत्याधुनिक दूरसञ्चार सेवाहरु पुर्‍याउनु आफ्नो प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो । कम्पनीको उद्देश्य पुरा गर्नका लागि सम्पूर्ण ६ हजार कर्मचारीहरुलाई समाहित गरेर सक्रियतापूर्वक अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

पद बहालीका अवसरमा आयोजित कार्यक्रममा कम्पनीका बरिष्ठ नायब प्रबन्ध निर्देशक रामेश्वर कर्माचार्यले नवनियुक्त प्रबन्ध निर्देशक श्री सिंहलाई सम्पूर्ण कर्मचारीका तर्फबाट सफलताको शुभकामनाका व्यक्त गर्दै पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नु भयो । सो अवसरमा कम्पनीका नायब प्रबन्ध निर्देशकहरु , निर्देशकहरु, प्रबन्धकहरु, कार्यालय प्रमुखहरुलगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

सुरेन्द्र प्रसाद थिके

प्रबक्ता

नेपाल टेलिकम